सप्तरी जिल्ला अदालत

राजविराज, सप्तरी

# बोलपत्र आह्वानको सूचना

सूचना नं. १/०७३/०७४

प्रथम पटक प्रकाशित मिति : २०७३/१०/२३

यस अदालतबाट तपसिल बमोजिमको कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले **३० दिन** (२०७३/११/२३) भित्र रु. ३,०००।- दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक नविकरण भएको इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा दर्ता नम्बर र आ.व. २०७३/०७४ को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस सप्तरी जिल्ला अदालतबाट कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाँप गरि, सिलबन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना खरिद नम्बर तथा कामको नाम प्रष्टसँग लेखी तपसिल बमोजिमको बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिनको १२:०० बजे भित्र यस सप्तरी जिल्ला अदालतमा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस सप्तरी जिल्ला अदालत राजविराजमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्रको मान्य हुने अवधि वोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी ९० दिनको हुनेछ । बोलपत्र साथ धरौटी वापत तपसिलमा उल्लेखित रकम यस सप्तरी जिलला अदलतको कार्यालयको कोड नं.१५-२०४-०१ उल्लेख गरी को.ले.नि.का., राजविराज सप्तरी (राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय राजविराजमा रहेको) धरौटी खाता नं. २१८०२०३०००००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस जिल्ला अदालतको नाममा क वर्गको **बाणिज्य बैंकबाट जारी गरिएको बोलपत्र मान्य हुने अर्थात अवधिभन्दा ३० दिन बढी मान्य अवधि भएका विडवण्ड पेश गर्नु पर्नेछ ।**

५. बोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाँप हुनु पर्नेछ । रित नपुगेको र सूचनाका सर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन ।

६. बोलपत्रदाताले निर्माणस्थल र साईटको वास्तविक स्थिति बुझेर बोलपत्र फारम भरी दाखिला गरेको मानिनेछ ।

७. बोलपत्रदाताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.कर बाहेक) उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ । बोलपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्मा अंक उल्लेख गर्नुपर्ने छ । कुल जम्मा नगरी पेश गरेको बोलपत्र मान्य हुने छैन र मूल्यांकनमा समावेश गरिने छैन ।

७. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि अदालत खुलेको दिन तोकिएको समयमा नै हुनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा अदालत समय भित्र यस सप्तरी जिल्ला अदालतमा सम्पर्क राख्न सकिनेछ ।

१०. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको बोलपत्रमा कारवाही गरिने छैन ।

११. पूर्व बोलपत्र वैठक मिति : २०७३ फाल्गुण ९ गते दिनको १:०० बजे यस सप्तरी जिल्ला अदालतमा हुनेछ ।

१२. संयुक्त उपक्रमको (Joint Venture) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता पत्र पेश गर्नुपर्नेछ र संयुक्त उपक्रममा वढीमा ३ फर्मले संयुक्त रुपमा वोलपत्रमा भाग लिन सक्ने छन । सम्झौता पत्रमा कामको विवरण शेयर खुलेको हुनु पर्नेछ ।

१३. कामको गुणस्तर (Quality of Work) निर्माण सम्बन्धी स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्ने छ ।

१४. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद चौथौ संशोधन नियमावली २०७३ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५. बोलपत्रदाताले E-Procurement मार्फत www.ppmo.gov.np, मा गई बोलपत्र Tender Download गरि बोलपत्र प्रस्ताव पेश तथा दर्ता गर्न सकिनेछ ।

१६. ई सब्मिसनको हकमा बोलपत्र खरिद बापतको रकम यस सप्तरी जिल्ला अदालतको कोड नं. १५-२०४-०१ राजस्व शिर्षक नं. १४२२७ उल्लेख गरी राष्ट्रिय वाणिज्य बैंक राजविराज शाखामा रहेको सप्तरी जिल्ला अदालतको खाता नं. क-१-१-००१ मा जम्मा गरेको बैक भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । सो भौचरमा निर्माण व्यवसायीको नाम, ठेगाना र खरिद नं. स्पष्ट संग उल्लेख गर्नु पर्नेछ । साथै उक्त रकम वोलपत्र खरिद गर्ने अन्तिम दिन अदालत समय भित्र सम्वन्धित खातामा जम्मा भएका हुनु पर्नेछ अन्यथा मान्य हुने छैन ।

१७. वोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा वढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरी कार्य सम्पादन जमानछ राख्नु पर्नेछ ।

## तपसिल

| सि.नं. | खरिद नं. | कामको विवरण | धरौटी रकम रु. | वोलपत्र खरिद दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | OCRajbiraj/Officer QR.Bld. 01/073/074 | अधिकृत आवास भवन (Officer Quater Building) | ४,५०,०००।०० | ३,०००।०० | २०७३।११।२३ | २०७३।११।२४ |